# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np


प.सः ०८१/८२

मितिः२०८१/१२/०८

च.नं.

## वन डढेलो नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सुचना।

विगत केही दिनयता देशका विभिन्न भू-भागमा रहेका वनजंगलहरूमा आगलागीका घटनाहरू भई रहेका छन। सानो असावधानीका कारण वनजंगलमा भएको आगलागी नियन्त्रण गर्न नसक्ने गरी डढेलोको रुपमा फैलिन्छ। डढेलोले पर्यावरण लगायत जडिबुटी, काठ दाउरा, कार्वन उत्सर्जन, साना बोटबिरूवा नोक्सान गरी जैविक तथा पर्यावरणीय क्षति बढाउदै जनजीवनमा प्रत्यक्ष रुपमा नकरात्मक प्रभाव पारेको छ। वनजंगल क्षेत्रमा रहेका खानेपानीका पाइपलाईनमा नोक्सानी पुऱ्याउनुका साथै वनजंगलमा जोडिएर रहेका नजिकका मानबबस्तीहरूमा जनधनको क्षति समेत पुऱ्याएको छ। पर्वत जिल्लामा समेत पहाडको नजिक एकै ठाउँमा बस्तीहरू रहेकोले आगलागीको उच्च जोखिम रहेको तथा आगलागी हुने सलाई एवं लाइटर लगायतका सामानहरू बालबालिकवाट टाढा राख्र, प्रज्वलनशील पदार्थहरू सुरक्षित रुपमा राख्र, आगोको प्रयोग गर्दा उच्च सावधानी अपनाउन सबैमा अनुरोध छ।

त्यसैले, पैयूँ गाउँपालिका भित्रका सबै प्रकृतिका वनजङ्गलमा डढेलो नियन्त्रणका लागि तुरुन्त सम्वन्धित वडा कार्यालय, सब-डिभिजन वन कार्यालयहरू, इलाका प्रहरी कार्यालय, गाउँ कार्यपालिकाका जनप्रतिनिधिहरू, सामुदायिक वनका पदाधिकारीहरू र उपभोक्ता एवं स्थानीयबासीहरूलाई सूचना दिनुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा (४) मा कसुर गर्नेलाई क्षति भएको विगो असुल गरी तीन वर्ष सम्म कैद वा साठी हजार रूपैया सम्म जरिवाना वा दुवै सजाय हुने उल्लेख भएकोले कानूनी कारवाहीका लागि सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

आफ्नो क्षेत्रको पर्यावरण संरक्षण गरी मानवीय अस्तित्वको जगेर्ना गर्नु हामी सबैको दायित्व र कार्य भएकोले आगलागी डढेलोमा घटना रोकथाम र नियन्त्रण गर्नका लागि आम सरोकारवालाहरूले आवश्यक सतर्कता निगरानी बढाउनु हुन साथै घटना हुन गएमा अन्तर निकाय र आम नागरिक बीचमा समन्वय सहकार्यका लागि पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सबैमा हार्दिक अनुरोध गर्दछ।

२०८१/१२/०८

(जिवन गैरे)

प्रमुख प्रशासकीय अधिकृत